# मार्मा गाउँपालिका राजपत्र

खण्डः ९ संख्याः ६ मितिः २०८२/०२/३०

भागः २


# मार्मा गाउँपालिकाको शिक्षण सिकाइ अनुदान कार्यान्वयन कार्यविधि, २०८१


गाउँ कार्यपालिकामा पेश मितिः २०८२/०२/३०

गाउँ कार्यपालिकाबाट पारित मितिः २०८२/०२/३०

प्रमाणिकरण मितिः २०८२/०२/३०

राजपत्रमा प्रकाशित मितिः २०८२/०२/३०



## मार्मा गाउँपालिका
## लटिनाथ दार्चुला
## सुदूरपश्चिम प्रदेश नेपाल

**प्रस्तावना**

मार्मा गाउँपालिका भित्र सञ्चालनमा रहेका सामुदायिक विद्यालयहरुको शैक्षिक कार्यक्रमहरुलाई व्यवस्थित गरी संघीय सरकारबाट प्राप्त भएको आधारभूत तह र माध्यमिक तहमा प्राप्त हुन आउने गणित, विज्ञान र अङ्ग्रेजी विषयको शिक्षाण सिकाए अनुदान व्यवस्थित तरिकाले कार्यान्वयन गर्न वाञ्छनीय  भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि  बनाइएको छ ।

## परिच्छेद -१
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ :**

क) यो कार्यविधिको नाम  " मार्मा  गाउँपालिकाको शिक्षण सिकाइ अनुदान कार्यान्वयन कार्यविधि, २०८१" रहेको छ ।

ख) यो कार्यविधि मार्मा गाउँ कार्यपालिकाको बैठकबाट स्वीकृत भएको मितिदेखि लागु हुनेछ

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा :**

क) “अनुदान” भन्नाले आधारभूत र माध्यमिक तहमा गणित, विज्ञान र अङ्ग्रेजी विषयको शिक्षक दरबन्दी नभएका विद्यालयमा शिक्षक आवश्यक्ता पुरा गर्न नेपाल सरकारबाट प्राप्त शिक्षण सहयोग अनुदानलाई सम्झनु पर्दछ ।

ख) "गाउँपालिका" भन्नाले मार्मा गाउँपालिकालाई सम्झनु पर्छ ।

ग) "गाउँ कार्यपालिका" भन्नले मार्मा गाउँ कार्यपालिकालाई सम्झनु पर्छ ।

घ) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मार्मा गाउँकार्यपालिको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

ङ) "विद्यालय" भन्नाले प्रचलित कानुन बमोजिम अननुमति वा स्वीकृति लिई सञ्चालनमा रहेका विद्यालय रहेका सामुदयिक विद्यालय सम्झिनु पर्छ ।

च) "प्रधानाध्पक" भन्नाले विद्यालयको प्राज्ञिक तथा प्रशासकीय प्रमुखको रुपमा काम गर्ने विद्यालयको प्रधानाध्यपकलाई सम्झनु पर्छ ।

छ) "व्यवस्थापन समिति" भन्नाले प्रत्येक विद्यालयमा गठन हुने बिद्यालय व्यवस्थापन समिति सम्झिनु पर्छ।

ज) "शिक्षा शाखा" भन्नाले मार्मा गाउँपालिकाको शिक्षा,युवा तथा खेलकुद शाखा सम्झनु पर्छ ।

झ) "शिक्षा अधिकृत" भन्नाले शिक्षा,युवा तथा खेलकुद शाखा प्रमुखलाई सम्झनु पर्छ ।

ञ) "शिक्षा ऐन" भन्नाले शिक्षा ऐन, २०२८ सम्झनु पर्छ ।

ट) "शिक्षा निमावली" भन्नाले शिक्षा निमावली, २०५९ लाई सम्झनु पर्छ ।

ठ) "सामुदायिक विद्यालय" भन्नाले नेपाल सरकारकबाट नियमित रुपमा अनुदान पाउने गरी अनुमति वा स्वीकृत प्राप्त मार्मा गाउँपालिका क्षेत्रका विद्यालय सम्झनु पर्छ ।

ड) "अनुदान शिक्षक" भन्नाले शिक्षण सिकाइ अनुदान कोटामा कार्यरत शिक्षकलाई जनाउँदछ ।

३. **बिस्तारः** यो कार्य विधि मार्मा गाउँपालिका को क्षेत्रभित्र लागु हुने छ ।

४. **विद्यालय छनौटका आधारहरूः** शिक्षण सिकाइ अनुदान वितरणको लागि लागि विद्यालय छनौटका आधारहरू देहाय बमोजिम हुने छन्

क) गाउँपालिकाभरिको सबैभन्दा पहिला अनुमति प्राप्त गरेको शून्य दरबन्दी भएको आधारभूत र माध्यमिक विद्यालय

ख) सबैभन्दा बढी विद्यार्थी भएको तर आधारभुत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) को दरबन्दी नभएको आधारभूत र माध्यमिक विद्यालय

ग) नियमित सामाजिक परीक्षण गरेको विद्यालय

घ) अघिल्लो वर्षको आर्थिक लेखा परीक्षण गराएको विद्यालय

ङ) आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा एक मात्र दरबन्दी भएमा सोभन्दा फरक तर अङ्ग्रेजी, गणित वा विज्ञानको दरबन्दी नदोहरिने गरी विद्यालय छनोट गर्नुपर्ने छ ।

च) विद्यालयले नियमित रूपमा एकीकृत शैक्षिक सूचना तथ्याङ्क भरेको हुनुपर्ने छ ।

५. **विद्यालय छनौट प्रक्रियाः** शिक्षण सिकाइ अनुदान प्राप्त भएपछि अनुदान वितरणका लागि देहाय बमोजिमका प्रक्रिया अपनाइने छः

क) सम्बन्धित सबै विद्यालयहरूलाई वर्तमान अवस्था सहितको जानकारी मगाउने गरी अनुदान मागको लागि सूचना प्रकाशित गर्ने,

ख) विद्यालयहरूबाट प्राप्त विवरणको आधारमा प्राथमिकता क्रम निर्धारण गर्ने,

ग) कार्यपालिकाबाट निर्णय गरी अनुदान कोटा वितरण गर्ने

घ) अनुदान कोटा वितरण गरेको निर्णयको जानकारी सम्बन्धित विद्यालयलाई दिने ।

६. **अनुदान कोटामा शिक्षक आवश्यक योग्यताः १)** दरखास्त दिने उम्मेदवारको योग्यता सम्बन्धित तहका लागि शिक्षा नियमावली २०५९र शिक्षकसेवा आयोग नियमावली २०५७ संशोधनसहित तोकिए बमोजिम हुने छ ।

२) उपदफा (१) मा जेसुकै लेखिएको भएता पनि आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा विज्ञान, गणित र अङ्ग्रेजी विषयको अनुदान कोटामा शिक्षक बन्न दुई पटकसम्म विज्ञापन गर्दा पनि आध्यापन अनुमति प्राप्त गरेको उम्मेद्वारको उम्मेदवारी नपरेमा तेस्रो पटकको लागि न्यूनतम शैक्षिक योग्यता पुगेको तर अध्यापन अनुमति पत्र र तालिम नभएको व्यक्ति पनि अनुदान कोटामा शिक्षक बन्नको लागि योग्यता पुगेको मानिने छ तर तेस्रो पटकको विज्ञापनमा पनि आध्यापन अनुमतिपत्र र तालिम प्राप्त गरेको व्यक्ति उम्मेदवार भएमा तालिम र अध्यापन अनुमतिपत्र प्राप्त नगरेको उम्मेद्वारको दरखास्त स्वतः रद्द गरिने छ भने दरखास्त दस्तुर फिर्ता दिनुपर्ने छ ।

७. **उम्मेदवार हुन अयोग्यताः** देहायको व्यक्ति अनुदान कोटाको शिक्षक पदमा उम्मेदवार हुनको लागि योग्यहुन सक्ने छैनन्

क) गैर नेपाली नागरिक

ख) १८ वर्ष नपुगेको र ४० वर्ष उमेर नाघेको

ग) मगज बिग्रेको

घ) नैतिक पतन देखिन फौजदारी अभियोगमा अदालटबाट कसुरदार ठहरिएको

ङ) भविष्यमा नौकरीका लागि अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त गरिएको

च) सम्बन्धित तहको योग्यता नपुगेको व्यक्ति

छ) अध्यापन अनुमतिपत्र र तालिम प्राप्त नगरेको व्यक्ति

तर उपदफा (छ) मा जुनसुकै कुरा लेखिएको भएतापनि आधारभूत तह (कक्षा ६-८) र माध्यमिक तह (कक्षा ९-१०) मा विज्ञान, गणित र अङ्ग्रेजी विषयको अनुदान कोटामा शिक्षक बन्न दुई पटकसम्म विज्ञापन गर्दा पनि आध्यापन अनुमति प्राप्त गरेको उम्मेद्वारको उम्मेदवारी नपरेमा तेस्रो पटकको लागि न्यूनतम शैक्षिक योग्यता पुगेको तर अध्यापन अनुमति पत्र र तालिम नभएको व्यक्ति पनि अनुदान कोटामा शिक्षक बन्नको लागि योग्यता पुगेको मानिने छ तर तेस्रो पटकको विज्ञापनमा पनि आध्यापन अनुमतिपत्र र तालिम प्राप्त गरेको व्यक्ति उम्मेदवार भएमा तालिम र अध्यापन अनुमतिपत्र प्राप्त नगरेको उम्मेद्वारको दरखास्त स्वतः रद्द भएको मानिने छ ।

८. **अनुदान शिक्षक छनौटको प्रक्रियाः** अनुदान कोटामा शिक्षक नियुक्ति गर्दा देहायको प्रक्रिया अवलम्बन गरिने छः

**क)**विद्यालयले अनुदान शिक्षक भर्नाकाल लागि गाउँपालिकाबाट अनुमति लिनुपर्ने छ ।

ख) विद्यालयले शिक्षक भर्नाका लागि कम्तिमा पन्ध्र दिनको सार्वजनिक सूचना प्रकाशन गर्नुपर्ने छ पन्ध्र दिनको सूचना प्रकाशन पश्चात उम्मेद्वारी नपरेमा सात दिनको सूचना प्रकाशन गरिने छ ।

ग) सूचना प्रकाशन गरिएको जानकारी गाउँपालिकामा दिनुपर्ने छ भने गाउँपालिकाको सूचनापार्टिमा पनि सूचना टाँस गर्नुपर्ने छ ।

घ) सूचनाको म्याद समाप्त भइसके पश्चात विद्यालयमा प्राप्त भएका स्वीकृत दरखास्तहरूको जानकारी गाउँपालिकालाई दिनुपर्ने छ ।

ङ) विद्यालयले गाउँपालिकासँगको समन्वयमा परीक्षाको मिति, स्थान, समय तोकी शिक्षकसेवा आयोगले तोकेको पाठ्यक्रममा आधारित भइ परीक्षा सञ्चालन गरिने छ भने सबैभन्दा बढी अङ्क प्राप्त गर्ने उम्मेदवारलाई विद्यालय व्यवस्थापन समितिले नियुक्ति दिनुपर्ने छ ।

९. **नियुक्ति, कार्य तथा करार सम्झौताः** १) अनुदान कोटामा नयुक्त हुने शिक्षकको नियुक्ति सुरुमा एक शैक्षिक सत्रको लागि हुने छ बने आगामी वर्षकालागि अनुदान कोटा प्राप्तहुने सुनिश्चितता भएको अवस्थामा ।

२) विद्यालय व्यवस्थापन समितिको निर्णयानुसार प्रधानाध्यापकले नियुक्ति दिने छ भने प्रधानाध्यापक सँगको सम्झोतानुसार कार्य गर्नुपर्ने छ ।

३) अनुदान कोटामा कार्यरत शिक्षकका कार्यहरू करार सम्झौतामा उल्लेख गरे अनुसार हुने छन् ।

१०. **अनुदान शिक्षकको तलब भत्ताः** अनुदान शिक्षकले नेपाल सरकारद्वारा निर्धारण गरेको तलब र भत्ता पाउने छ ।

११. **करार सम्झौता रद्द हुनेः** १)देहायका अवस्था भएमा विद्यालयले जुनसुकै बखत सम्बन्धित शिक्षकको करार सम्झौता रद्द गर्न सक्नेः

क) बिना सूचना पन्ध्र दिन भन्दा बढी विद्यालयमा अनुपस्थित भएमा

ख) करार सम्झौतामा उल्लेख गरिएका शर्तहरू पालना नगरेमा

ग) शिक्षकको आचार संहिताको पालना नगरेमा

घ) विद्यालयले तोकेका अन्यकार्यहरू सन्तोषजनक रूपमा नगरेमा

२) उपदफा (१) बमोजिम करार सम्झौता रद्द गर्दा शिक्षकलाई प्रचलित कानुन अनुसार मानसिव माफिकको मौका नदिइ सेवाबट हटाउन पाइने छैन।

१२.	**कार्यविधि बनाउन सक्नेः** विद्यालयले शिक्षण सिकाइ अनुदान शिक्षक व्यवस्थापनका लागि औचित्यपूर्ण लागेमा आवश्यक्तानुसार यस कार्यविधिसँग नबाझिने गरी कार्यविधि बनाउन सक्ने छ ।

१३.	**प्रचलित कानुन अनुसार हुनेः** यस कार्यविधिमा लेखिएका कुराहरू यसै कार्यविधि अनुसार हुनेछन भने यसमा उल्लेख नगरिएका कुराहरू प्रचलित कानुन अनुसार हुने छन् ।

आज्ञाले
धर्मेन्द्र जोशी
प्रमुख प्रशासकीय अधिकृत